आज मिति २०८२ पौष २८ गते सोमवारका दिन भागेश्वर गाउँपालिकाका अध्यक्ष श्री हेमराज चटौतज्यूको अध्यक्षतामा भागेश्वर गाउँसभाको १८ औं अधिवेशनको पहिलो बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसि तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| क्र सं | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री हेमराज चटौत | |
| २ | उपाध्यक्ष | श्री पुष्पा ठकुराठी | |
| ३ | गाउँसभा सदस्य | श्री मणिकराज भट्ट | |
| ४ | गाउँसभा सदस्य | श्री उपेन्द्र बहादुर जोरा | |
| ५ | गाउँसभा सदस्य | श्री डम्वर राज जोशी | |
| ६ | गाउँसभा सदस्य | श्री बसन्त राज चटौत | |
| ७ | गाउँसभा सदस्य | श्री नरेन्द्र बहादुर थापामगर | |
| ८ | गाउँसभा सदस्य | श्री बसन्ती देवी थापा | |
| ९ | गाउँसभा सदस्य | श्री राजु चुनारा | |
| १० | गाउँसभा सदस्य | श्री राजेश्वरी भट्ट पाण्डेय | |
| ११ | गाउँसभा सदस्य | श्री गंगी सार्की | |
| १२ | गाउँसभा सदस्य | श्री रमेश राम लुहार | |
| १३ | गाउँसभा सदस्य | श्री कल्पना सिकर्मी | |
| १४ | गाउँसभा सदस्य | श्री योगेन्द्र जोरा | |
| १५ | गाउँसभा सदस्य | श्री सुरेश सिह ठकुराठी | |
| १६ | गाउँसभा सदस्य | श्री द्रोपती टमटा | |
| १७ | गाउँसभा सदस्य | श्री कलावती देवी पाण्डेय | |
| १८ | गाउँसभा सदस्य | श्री नवराज जोशी | |
| | गाउँसभा सदस्य | श्री गोरी भारती | |

| | | | |
|---|---|---|---|
| २० | गाउँसभा सदस्य | श्री माया कुमारी भट्ट भाट | |
| २१ | गाउँसभा सदस्य | श्री सुनिता सुनी | |
| २२ | गाउँसभा सदस्य | श्री विरभान सिह रावल | |
| २३ | गाउँसभा सदस्य | श्री निलकण्ठ भट्ट | |
| २४ | गाउँसभा सदस्य | श्री जानकी देवी सार्की | |
| २५ | गाउँसभा सदस्य | श्री डम्वर सिह साउद | |
| २६ | गाउँसभा सदस्य | श्री यज्ञ सार्की | |
| २७ | गाउँसभा सदस्य | श्री भगवती खडका भाट | |
| २८ | गाउँसभा सदस्य | श्री ज्ञानेन्द्र नाथ | |
| २९ | सदस्य सचिव | श्री लक्ष्मी दत्त भट्ट | |

प्रस्तावहरु :

१. धन्यवाद ज्ञापन सम्वन्धमा ।

२. ऐन,कार्यविधिहरु स्वीकृत गर्ने सम्वन्धमा ।

३. पालिको केन्द्रमा संरचना निर्माण सम्वन्धमा ।

४. कार्यपालिकाको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

५. चालु आ.ब. मा संचालित योजना तथा कार्यक्रमको खर्च अनुमोदन सम्वन्धमा ।

६. योजना तथा कार्यक्रम स्वीकृती सम्वन्धमा ।

७. करारका कर्मचारीको म्याद थप सम्वन्धमा ।

८. योजना बैङ्कमा समावेश गर्ने सम्वन्धमा ।

९. बिविध बिषयमा ।

निर्णयहरु :

निर्णय नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा भागेश्वर गाउँसभाको १७ औं अधिवेशनमा प्रस्तुत भएको नीति कार्यक्रम तथा विनियोजन भएको बजेट कार्यान्वयनमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग एवं सहभागीता जनाउनुहुने आम भागेश्वरबासी नागिरक, बुद्धिजिवी, समाजसेवी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, उपभोक्ता समितिका पदाधिकारी, बिभिन्न संघसंस्थाहरु, संघ सरकार र प्रदेश सरकार मातहत रहेका विभिन्न कार्यालयहरु, छिमेकी स्थानीय तह लगायत सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई भागेश्वर गाउँसभाको १८ औं अधविशनबाट धन्यवाद ज्ञापन गर्ने नरिणय गरियो ।

निर्णय नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा विधायन समितिका संयोजक श्री रमेश राम लुहारज्यूले कार्यपालिकामा छलफल भई सिफारिस सहित पेश गरिएका तपसिल बमोजिमका ऐन र कार्यविधि उपर सभामा दफावार छलफल भई सो ऐन र कार्यविधिहरुलाई गाउँसभाबाट स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल :

१. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक, २०८२

२. गाउँसभा सचिवालय स्थापना तथा कार्य संचालन कार्यविधि, २०८२

३. बेरुजु फछर्यौट कार्यविधि, २०८२

४. लेखा समिति गठन तथा कार्य संचालन कार्यविधि, २०८२

निर्णय नं ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा भागेश्वर गाउँपालिकाको स्थायी केन्द्र टप्वामा प्रशासकीय भवन लगायतका भौतिक संरचना निर्माण गर्न प्रारम्भिक बातावरणीय परीक्षण (IEE) तथा बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी प्रशासकीय भवनको लागि आवश्यक बजेट माग गर्ने र सो को लागि पालिकाबाट व्यहोर्नुपर्ने समपुरक तर्फको बजेटको सुनिश्चिता हुने गरि प्रतिबद्धता सहित बजेट विनियोजनको लागि स्थानीय पूर्वाधार विभाग तथा अन्य सम्वन्धित निकायमा सिफारिस साथ पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा [illegible]
श्रावण देखि २०८२ पौष २८ गते सम्म भए गरेका कार्यपालिकाका निर्णयहरु र गा.पा. अध्यक्षज्यूबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.ब. २०८२।०८३ को श्रावण १ देखि पौष २८ गते सम्म कार्यपालिकाको बैठकबाट निर्णय तथा सिफारिस भई आएका योजनाहरुमा बिनियोजित भएको बजेट, संसोधित योजना, कार्यक्रम र बेजटलाई १८ औ गाउँसभाबाट स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.ब. २०८२।०८३ मा विनियोजन (चालु, पुँजिगत बित्तिय समानीकरण, बिशेष र समपुरक कोषबाट) गरिएका कार्यक्रम तथा योजनाहरुमा बिनियोजित भएको रकम बमोजिम २०८२ पौष २७ गते फरफारक गरिएका योजना तथा कार्यक्रमको सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाबाट नियुक्त गरिएका विभिन्न शाखा र वडा अन्तर्गतका कार्यालयमा हाल कार्यरत करारका कर्मचारीहरु, कार्यक्रम तर्फका करारका कर्मचारीहरु र स्वास्थ्यचौकी, आधारभूत स्वास्थ्य केन्द्र, बर्थिङ सेन्टर र आखाँ उपचार केन्द्रमा कार्यरत कर्मचारीहरु समेतको कार्यसम्पादन मुल्याङ्कनका आधारमा म्याद थप गर्ने र म्याद थप भएका कर्मचारीहरुको तलवभत्ता चालु खर्च तर्फको करार सेवा शिर्षकबाट र कार्यक्रम तर्फका कर्मचारीहरुको तलव भत्ता सम्वन्धित कार्यक्रम शिर्षकबाट भुक्तानी हुनेगरि निजहरुसँग चालु आ व २०८२।०८३ मा ६ महिनको लागि भएको सेवा करार सम्झौतामा उल्लेखित सेवा सुविधा उपलब्ध गराउने गरि २०८२ माघ १ देखि २०८३ आषाढ मसान्त सम्मको लागि म्याद थप गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

निर्णय नं. ८ प्रस्ताव नं ८ माथि छलफल गर्दा वडा कार्यालयबाट प्राथमिकता निर्धारण भै आएका गाउँपालिकाको बजेटबाट कार्यान्वयन गर्न नसिकने योजनाहरुलाई योजना बैङ्कमा समावेश गरि आवश्यक बजेट बिनियोजनको लागि प्रदेश सरकार तथा संघीय सरकारका सम्वन्धित मन्त्रालयहरुमा सिफारिस साथ पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

विविध निर्णयहरु :

१. आर्थिक बर्ष २०८२।०८३ को लागि बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट स्वीकृत गरेको बार्षिक कार्ययोजना तथा कार्यक्रमहरुलाई गाउँसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।